# महालक्ष्मी राजपत्र

खण्ड ७, संख्या ३, असार २०, २०८०

भाग १

## महालक्ष्मी नगरपालिका, ललितपुर

# विनियोजन ऐन, २०८०

प्रकाशित मितिः २०८०/०३/२०

# महालक्ष्मी नगरपालिका, ललितपुर
## विनियोजन ऐन, २०८०

**<u>प्रस्तावना:</u>** महालक्ष्मी नगरपालिका, ललितपुरको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो विनियोजन ऐन, २०८० बनाईएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम विनियोजन ऐन, २०८० रहेको छ ।यो ऐन २०८० साल श्रावण १ गते देखि लागु हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०८०/०८१ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष २०८०/०८१ का लागि नगर कार्यपालिका, वडा समिति एवं विषयगत शाखाले गर्ने कार्य र सेवाहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च रकम समेत गरी जम्मा २,०७,३३,५७,५३०.३३ (रु दूई अर्ब सात करोड तेत्तीस लाख सन्ताउन्न हजार पाँच सय तिस रुपैया /तेत्तीस पैसा) मा नबढाई निर्दिष्ट गरिएबमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **<u>विनियोजन:</u>** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ का निम्ति महालक्ष्मी नगरपालिका, ललितपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने कार्य र सेवाका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने कार्य र सेवाका निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ ।

पुँजीगत खर्चलाई चालु खर्चतर्फ सार्न सकिने छैन तर चालु खर्चको रकम (एक स्रोतबाट अर्को स्रोतमा सार्न सकिनेछ)।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को अवस्था तथा अत्यावश्यक कार्यका लागि एक शीर्षकमा विनियोजित बजेटको १० प्रतिशतभन्दा बढ्ने गरी अर्को शीर्षकमा रकमान्तर गर्नु परेमा वा योजना वा कार्यक्रमको शीर्षक परिवर्तन गर्नु परेमा कार्यपालिकाले रकमान्तर वा शीर्षक परिवर्तन गर्न सक्नेछ ।

(४) विनियोजन ऐन अन्तर्गत स्वीकृत भएको पूर्वाधार निर्माण शीर्षकमा छुट्याएको र लागत रकमबाट योजना वा कार्यक्रमको प्राथमिकता र औचित्य समेतका आधारमा त्यस्ता योजना वा कार्यक्रमका लागि बीस लाख सम्मको योजना नगर प्रमुखको स्वीकृतिमा र सो भन्दा माथिको योजना कार्यपालिकाको स्वीकृतिमा कार्यान्वयन गरिनेछ । तर विपद्को अवस्थामा बाहेक चैत्र मसान्त पश्चात उक्त शीर्षकबाट योजना/कार्यक्रम छनौट गरिने छैन ।

(५) लागत साझेदारी शीर्षकमा विनियोजित रकम बाट ७०-३० का आयोजनाहरु कार्यन्वयन गरिनेछ। नगरपालिकाले आवश्यकता र औचित्यता हेरी ३० प्रतिशत रकम लागत साझेदारी गर्ने उपभोक्तालाई प्राथमिकता अनुसार रकम उपलब्ध गराउनेछ।

(६) वडामा विनियोजन भएको योजना/कार्यक्रमलाई वडा समितिले निर्णय गरी टुक्राई योजना/कार्यक्रम सञ्चालन गर्न पाइनेछैन ।

(७) वडा सञ्चालन शिर्षकमा विनियोजन भएको रकम वडा सञ्चालन कार्यविधि अनुसार मात्र खर्च गर्न सकिनेछ ।

अनुसूची— १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च हुने रकम

| क्र.स. | अनुदान सङ्ख्या | चालु खर्च रु. | पुँजीगत खर्च रु. | वितिय व्यवस्थापन | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखा समेत | ६३,९२,१९,५३०.३३ | १,४२,९१,३८,०००.०० | ५०,००,०००.०० | २,०७,३३,५७,५३०.३३ |

प्रमाणिकरण मिति : २०८०/०३/१२

आज्ञाले

रुद्रलाल भुसाल

प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका, ललितपुर।